धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८३/०१/३१)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०१/२९ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरुः**

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा,

२. धवलागिरी गाउँपालिका जलविद्युत कार्यविधि, २०८३ सम्बन्धमा

३. हालसम्म सम्पन्न योजनाहरु फरफारक सम्बन्धमा,

४. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकारद्धारा जारी गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि पूर्वस्विकृति प्रदान गर्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा तपसिल बमोजिमको सर्वेक्षण समिति गठन गर्ने साथै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि कार्य परामर्श सेवाबाट नगरि कार्यालयका जनशक्तिहरुलाई नै कार्यालय समय बाहेकको समय तथा सार्वजनिक विदाको दिनमा समेत परिचालन गरि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरि प्रतिवेदन पेश गर्न अनुरोध गर्ने तथा प्रतिवेदन तयार गरि कार्यपालिकामा पेश भएपश्चात समितिका संयोजक तथा सदस्यलाई मासिक तलब स्केलको ८० प्रतिशत तथा समितिको कार्यमा सहयोग गर्ने बढिमा तीन जना कर्मचारीहरुलाई मासिक तलब स्केलको ६० प्रतिशतले हुन आउने रकम कार्यसम्पादन प्रोत्साहन वापत उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद शर्मा | - संयोजक |
| लेखा शाखा प्रमुख श्री विनिता मल्ल | - सदस्य |
| प्रशासकीय अधिकृत(अधिकृत सातौं) श्री हरिहर पनेरु | - सदस्य सचिव |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा **धवलागिरी गाउँपालिका जलविद्युत कार्यविधि, २०८३** स्विकृत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा निर्माण सम्झौता भई निर्माणसम्पन्न भएका देहाय बमोजिमका योजनाहरु फरफारक गरि भुक्तानी रकम अनुमोदन गर्ने निर्णय गरियो।

   क. खिम्सा उपल्लो दलित बस्ति जाने मोटरबाटो मर्मत तथा निर्माण

   ख. दरखोला बालविकास केन्द्र घेरावार

   ग. सिस्ने खोला बराह थान खिम्सा धुइबाोट सिम सम्म ढल निकास

   घ. आरखोला ढल निकास पूर्णता

ङ. पुर्णगाउँ ठुलो भुमेमा प्रतिक्षालय निर्माण

च. खानेपानी मर्मत मल्कवाङ

छ. फलियागाउँ दह खानेपानी मुहानमा ट्याङ्की निर्माण

ज. हिलापोखरी बिरौटा कल्भर्ट निर्माण

झ. जनविकास मा.वि. पूर्वाधार निर्माण

ञ. भुमे थान मन्दिर मर्मत

ट. खाम्ला खेल मैदान निर्माण

ठ. धवलागिरी मा.वि. चारकोठे भवन माथी ट्रस निर्माण

ड. धनजनता मा.वि. कोठा तथा छाना मर्मत

ढ. ताकम कभर्डहल म्याट खरिद

ण. सिवाङ दलित भवनमा शौचालय तथा खानेपानी निर्माण

त. सिम्ले गते देखि मोटर बाटो निर्माण

थ. बाङखोला गोरेटो बाटो निर्माण

द. गोत खोलामा कल्भर्ट निर्माण

४. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।

क. धवलागिरी गाउँपालिकाका सबै वडाहरु पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडाहरु घोषणा भई सकेको हुँदा २०८३/०१/२९ गते गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गर्ने निर्णय गरियो।

ख. प्रदेश लोकसेवाबाट सिफारिस भई आउनु भएका स्थानीय प्रशासन सेवा,शिक्षा प्रशासन समूह, शिक्षा अधिकृत श्री राजेन्द्र क्षेत्रीको मिति २०८२/१२/२७ देखि लागु हुने गरि भएको नियुक्ति तथा हाजिरी अनुमोदन गर्ने निर्णय गरियो।

ग. मिति २०८३/०१/२८ गते बसेको गाउँ शिक्षा समितिको बैठकले सिफारिस गरे बमोजिम श्री रणजनज्योती आ.वि. नाउरामा कार्यरत कार्यालय सहयोगी दिलकुमारी पुनलाई श्री चेचुङ आ.वि, चेचुङ र श्री कल्लेनी आ.वि., कल्लेनीमा कार्यरत कार्यालय सहयोगी विनिता पाइजालाई श्री धनजनता मा.वि. फलियागाउँमा काजमा खटाउने निर्णय गरियो।

घ. मिति २०८३/०१/२८ गते बसेको गाउँ शिक्षा समितिको बैठकले सिफारिस गरे बमोजिम चालु आ.व. २०८२/८३ को लागि संघीय सशर्त अनुदान अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृधिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत भर्चुलअल शिक्षण, इलर्निङका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि प्राप्त १०

लाख अनुदान श्री जनविकास आ.वि. आर्वाङ लाई प्रदान गर्ने गरि विद्यालय छनोट गर्ने निर्णय गरियो।

ङ. चालु आ.व. को स्विकृत कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रमका लागि शिक्षा समितिबाट भएको सिफारिस बमोजिम श्री चन्द्रज्योती मावि,खिवाङ, श्री भूमे आ.वि., मच्छिम र श्री ताकम मावि, ताकमलाई छनोट गरि प्रति विद्यालय रु १ लाख दरले उक्त कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

च. विपन्न प्रकार विपद्जन्य घटनाबाट प्रभावित भएका तपशिल बमोजिमका पिडितहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नामथर | ठेगाना | विपद्को किसिम | राहत रकम |
|---|---|---|---|---|
| १. | नरमाया छन्त्याल | धवालगिरी -५ | घर भत्किएको | १५०००/- |
| २. | अम्मर माया वि.क. | धवालगिरी -५ | घर भत्किएको | १५०००/- |
| ३. | फुरुल्की कमिनी | धवालगिरी -५ | घर भत्किएको | १५०००/- |
| ४. | थर्कमान छन्त्याल | धवालगिरी -५ | घर भत्किएको | १५०००/- |
| ५. | बालकुमारी छन्त्याल | धवालगिरी -५ | पशु क्षती | १००००/- |
| ६. | रिनु सिर्पाली | धवालगिरी -५ | पशु क्षती २ वटा | १५०००/- |
| ७. | चन्द्रदत्त उपाध्याय | धवालगिरी -७ | घरमा आगलागी | १५०००/- |
| ८. | भीमवती शेरपुञ्जा | धवालगिरी -३ | घर भत्किएको | १५०००/- |
| ९. | सीमा सुनार | धवालगिरी -६ | घर क्षति | १५०००/- |
| १० | प्रदिप गुरुङ | धवालगिरी -६ | घर क्षति | १५०००/- |
| ११ | मन कुमारी दमै | धवालगिरी -६ | घर क्षति | १५०००/- |
| १२ | प्रेम बहादुर सिर्पाली | धवालगिरी -६ | घरमा आगलागी | १५०००/- |

छ. गाउँ कार्यपालिकाको मिति २०८२/११/१३ गतेको निर्णय अनुसार लुलाङ-गुर्जा सडक आकस्मिक मर्मतसम्भार तथा सरसफाई गर्दा प्राविधिक मुल्याङ्कन बमोजिम खर्च भएको रकम रु. ५५०१०।— रुपैया भुक्तानि दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ज. मिति २०८३/०१/१४ गते परेको भारी वर्षाको कारण वडा नं ५ स्थित वडा कार्यालय र स्वास्थ्य चौकीमा बाढी पसि क्षति भएको हुँदा उक्त क्षतिको प्राविधिक मुल्याङ्कन गर्दा सरसफाई

तथा मर्मतसम्भारको लागि  रु १७००००।— खर्च लाग्ने देखिएको हुँदा सरसफाई तथा मर्मतसम्भार गरि  विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

झ. उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको  दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन  लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय गाउँपालिका÷नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले **धवलागिरी गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८३** स्विकृत गर्ने निर्णय गरियो।

ञ. यस गाउँपालिकाको वडा नं. १ गुर्जामा रहेको नेपाल टेलिकमको मोबाइल टावरमा पटक-पटक समस्या आउदाँ सेवा प्रवाहमा समस्या भएको हुँदा वैकल्पिक इन्टरनेट सेवा उपलब्ध हुने गरि गुर्जा फ्रि वाईफाइ कार्यक्रमको कार्यान्वयन गर्नका लागि प्रक्रिया अगाडि बढाउनका लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ट. मुदि मोटरबाटोमा २०८३/०१/२० गते परेको अविरल वर्षका कारण सडक अवरुद्ध भएको कारण उक्त सडक मर्मत र सरसफाइका लागि आवश्यक कार्य अगाडि वढाइदिनका लागि ४ नं. वडका कार्यालयबाट अनुरोध भएकोमा प्राविधिकद्धारा लागत अनुमान तयार गर्दा रु. ६००००।— खर्च लाग्ने देखिएको हुँदा उक्त रकम मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिने गरि प्रक्रिया अगाडि बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ठ. वडा नं. ७ ताकम धारापानी रानोखोरिया देखी बुर्खाल सम्म ढल नियन्त्रणको कार्य तत्काल मर्मत तथा सरसफाइ कार्य नगरेमा वर्षामा ठूलो क्षति हुने देखिएको हुँदा प्राविधिक लागत अनुमान तयार गरि मोटरबाटो सरसफाइ शिर्षकबाट भुक्तानी दिने गरि कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ड. वडा नं. ५ तथा वडा नं. ७ बाट केहि स्थानहरुमा तत्काल ग्याविन जाली तथा खानेपानी पाइपको व्यस्थापन गर्नुपर्ने आवश्यकता रहेको भनि जानकारी हुन आएको हुँदा सोको तत्काल व्यवस्थापन तथा खरिद प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ढ. वडा नं. ४ स्थित धौलागिरी आविमा तत्काल जस्तापाताको व्यवस्थापन गरि विद्यालय भवन छाउने कार्य नगरेमा वर्षाको कारण पठनपाठन सञ्चालन गर्न नसकिने भनि जानकारी प्राप्त हुन आएको हुँदा प्राविधिक इस्टिमेट तयार गरि आवश्यक मात्रमा जस्ता खरिद गरि उपलब्ध गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।